# सिद्धार्थ



आजभन्दा छब्बीस सय वर्षअघिको कुरा हो । नेपालको कपिलवस्तुमा शाक्यकुलका राजा शुद्धोदनले राज्य गरिरहेका थिए । राजाका दुई रानी थिए – जेठी महामायादेवी र अर्की महाप्रजापति गौतमी ।



Pariyatti Book 1.pmd 1 3/28/2012, 9:47 AM



## महामायादेवीले देखेको सपना

बोधिसत्त्वले गर्भ प्रवेश गर्नुभएको मध्यरातमा महामायादेवीले अनौठो सपना देखिन् । सपनामा कमलको फूल लिइरहेको एउटा सेतो हात्ती महामायादेवी सुतिरहेको खाटलाई तीनपल्ट परिक्रमा गरेर उनको पेटभित्र पसेको थियो ।



भोलिपल्ट सबेरै महामायादेवीले आफूले देखेको सपना राजालाई सुनाइन् । सपनाको अर्थ के होला भन्ने कुरा बुझ्न राजाले विद्वान्हरूलाई दरबारमा बोलाए । दरबारमा उपस्थित भएका सबै विद्वानहरूको उचित सत्कारपछि राजाले उनीहरूलाई रानी महामायादेवीले देखेको सपना सुनाए र त्यसको अर्थ जान्ने इच्छा प्रकट गरे । विद्वान्हरूले भने, – "महाराज ! यस सपनाले महारानीको गर्भमा पुण्यवान् पुत्ररत्नले वास गरेको जनाउँछ ।" विद्वान्हरूको कुरा सुनेर राजा खुसी भए ।



Pariyatti Book 1.pmd 3 3/28/2012, 9:47 AM





## सिद्धार्थको जन्म

गर्भवती भएको दश महिना लागेपछि, एक दिन रानी महामायादेवीले राजाका अगाडि आफू माइती देवदह नगरमा जाने इच्छा व्यक्त गरिन् । राजाले लावालस्करसहित यात्राको बन्दोबस्त गरिदिए । कपिलवस्तु र देवदहबीच लुम्बिनी नाउँको सुन्दर बगैंचा थियो । लुम्बिनी बगैंचामा पुगेपछि रानीले बगैंचामा एकपल्ट घुम्ने इच्छा गरिन् र रमाउँदै यताउति घुम्न थालिन् । त्यही बेला एक्कासि उनलाई प्रसव व्यथा हुन थाल्यो । राजकर्मचारीहरूले उत्निखेरै सबै व्यवस्था मिलाए । व्यथा बढ्दै गयो र रानी महामायादेवीले साल-रूखको हाँगा बेस्सरी समातिन् । त्यसै बेला बत्तीस लक्षणले संयुक्त, जाज्वल्यमान् बालकको जन्म भयो । त्यस बालकको जन्म भएको त्यो दिन तिथिले बैशाख पूर्णिमा र बारले शुक्रबार थियो । अनि आफ्नो माइती देवदह जान भनी हिँडेकी रानी महामायादेवी देवदह नगएर कपिलवस्तुमै फर्किन् ।



Pariyatti Book 1.pmd 4 3/28/2012, 9:47 AM



## असित ऋषिद्वारा बोधिसत्वको दर्शन

असित भन्ने एक ऋषि थिए । उनी कालदेवल तपस्वी भनेर पनि चिनिन्थ्यो । शुद्धोदन राजाकी रानी महामायादेवी पुत्ररत्नबाट धन्य भएकी कुरा थाहा पाएर असित ऋषि बालक राजकुमार हेर्न भनी राजा शुद्धोदनका दरबारमा आएका थिए ।

राजाले ऋषिको यथायोग्य सत्कार गरे ।

ऋषिले भने - "महाराज ! म राजकुमारलाई हेर्न भनेर आएको हुँ ।"

राजा कोठाभित्र गएर राजकुमारलाई लिएर बाहिर आए । ऋषिबाट आशीर्वादको कामना गरेर ऋषिका अघिल्तिर बालकलाई लँदा कसो कसो बालकको खुट्टाले ऋषिको शिर छुन पुग्यो । असित ऋषि प्रज्ञावान् थिए । उनले त्यस घटना र बालकको भविष्यबारे प्रज्ञादृष्टिले विचार गरी हेरे । त्यसपछि उनले बालक बोधिसत्त्वका अघिल्तिर पञ्चाङ्ग दण्डवत् गरे ।



Pariyatti Book 1.pmd 5 3/28/2012, 9:47 AM

असित ऋषिको क्रियाकलाप देखेर राजा आश्चर्यचकित भए अनि राजाले पनि ऋषिलेजस्तै गरी दण्डवत् गरे । एकछिनअघि नवजात त्यस बालकलाई हेरेर खुसी देखिएका ऋषिका आँखा तुरुन्तै आँसुले रसाएका देखेपछि राजा शुद्धोदनले ऋषिसँग अलमलिँदै जिज्ञासा राखे ।

त्यस बेला ऋषिले भने,"यो बालक बत्तीस लक्षणले युक्त छ । भविष्यमा यो बालक बुद्ध हुनेछ, तर जे भए पनि त्योचाहिँ मैले हेर्न पाउने छैन ! त्यसैले म रोएको हुँ ।"

## बोधिसत्त्वको नामाकरण

त्यस बेला राजदरबारमा राजकुमारको नामकरणका लागि भव्य समारोहको आयोजना गऱ्यो । समारोहमा निमन्त्रित एक सय आठजना ब्राह्मणहरू नक्षत्र र शरीर-लक्षणबारे प्रकाण्ड विद्वान् थिए । राजाले आफ्नो छोराका लागि सुहाउँदो नाम राखिदिन विद्वान्हरूसित प्रार्थना गरे ।

समारोहमा उपस्थित विद्वान्हरूमध्ये आठ जनाले राजकुमारको शरीर-लक्षणको अध्ययन गरी "राजकुमार पुण्यवान् छन् !" भन्ने कुरो यकीन गरे । तीमध्ये सात जनाले, "राजकुमार प्रव्रजित भए बुद्ध हुने, प्रव्रजित नभए चक्रवर्ती राजा हुने" भविष्यवाणी गरे ।

आठ जनामध्ये कान्छो कोण्डन्य ब्राह्मणले चाहिँ, एउटै मात्र औंला ठड्याई "यो राजकुमार प्रव्रजित नै हुनेछन् र उनी सारा संसारको शास्ता बुद्ध नै हुनेछन्" भनी आफ्नो भनाइलाई दृढतापूर्वक राखे ।

गृहस्थी वा प्रव्रजित जे भए पनि राजकुमारले लोकलाई राम्रो अर्थ सिद्ध गर्ने भएकाले उनीहरू सबैले एक मत भई 'सिद्धार्थ' भनी राजकुमारको नामकरण गरे ।



Pariyatti Book 1.pmd 6 3/28/2012, 9:47 AM



## धान रोप्ने मङ्गल उत्सव

कपिलवस्तुमा धान रोपाँइको उत्सव मङ्गलको दिन थियो । राजा शुद्धोदन दरबारका सबैलाई साथ लिएर रोपाँइ गर्न मङ्गलोत्सवमा सामेल हुन गएका थिए । त्यो दिन उनीहरूले राजकुमार सिद्धार्थलाई पनि खेतमा लिएर गएका थिए । उत्सवको थलोमा पुगेपछि राजा शुद्धोदन आफ्ना कर्मचारीहरूसित खेत जोत्ने काममा लागे । राजकुमारलाई ठूलो रूखको छहारीमा चँदुवामुनि सुताइएको थियो । राजकुमारको हेरविचार गर्ने दासीहरू पनि राजकुमार मस्तसित निदाइरहेकाले उनलाई एक्लो छाडेर रोपाइँ हेर्न गए । सिद्धार्थ बिउँझँदा त्यहाँ कोही थिएनन् अनि उनी पलेँटी कसेर श्वास प्रश्वासमा सास भित्र पसेको र बाहिर गएको प्रक्रियामै लिन भएर ध्यान गरी बसे । यस क्रियालाई 'आनापानस्सति' ध्यान भनिन्छ ।

सिद्धार्थको हेरविचार गर्ने दासीहरूले उत्सव हेर्दा-हेर्दै सिद्धार्थलाई एक्लो छाडेर आएको कुरा सम्झेर तुरुन्तै फर्के । त्यस बेला तिनीहरूले सिद्धार्थलाई



Pariyatti Book 1.pmd 7 3/28/2012, 9:48 AM

रूखको छाँयामुनि आँखा चिम्लेर पलैंटी मारी ध्यानमग्न भएर बसिरहेको देखे । सिद्धार्थको त्यो दृश्य देखेका दासीहरु सिद्धार्थबाट साह्रै प्रभावित भए । तिनीहरूले यो कुरा राजा शुद्धोदनकहाँ पुऱ्याए । राजा शुद्धोदन आफैं तुरुन्त त्यहाँ आए र साँच्चै राजकुमारलाई ध्यानमा रहेको देखेपछि राजा शुद्धोदनले आफ्नो छोरालाई वन्दना गरे । यसलाई द्वितीय पुत्रवन्दना भनिन्छ ।



## बाल्यकाल

सिद्धार्थ बाल्यकालदेखि नै सबैका प्रिय थिए । त्यसैले उनका धेरै साथी थिए । तिनमा कोही क्षेत्रीय कोही ब्राह्मण अनि कोही राजकर्मचारीहरूका छोराहरु थिए । सिद्धार्थले आफ्ना थरीथरीका ती साथीहरूमा कसैलाई भेदभाव नगरी सबैसित समान व्यवहार गर्थे ।



Pariyatti Book 1.pmd 8 3/28/2012, 9:48 AM



## शिल्प अध्ययन

सिद्धार्थ हुर्किंदै गए । शिल्पहरु सिक्ने बेला आयो । शुद्धोदन राजाले यस कामको जिम्मा पण्डित 'सब्बमित्त'लाई दिए । उहाँबाट नै भाषा, विज्ञान, त्रिवेद र व्याकरण यी चार विद्या सिके । योग विद्याचाहिँ उनले भारद्वाजबाट पाएका थिए ।



## राजहंस कथा

सिद्धार्थको बाल्यकालको एउटा घटना उल्लेखनीय छ । त्यस घटनाका कुराले सिद्धार्थ कतिसम्म दयालु र करूणावान् थिए भन्ने कुरा बुझ्न सकिन्छ । त्यो घटना सिद्धार्थ १२ वर्षको हुँदा घटेको थियो । त्यो दिन सिद्धार्थ आफ्नो मामाका छोरा भाइ देवदत्तसित जङ्गलमा घुमिरहेका थिए । आकाशमा उडिरहेको हाँसलाई देख्ने बित्तिक्कै देवदत्तले तुरून्तै वाँण छाडिहाले । आकाशमा उडिरहेको त्यो बिचरो हाँस घाइते भएर तल जमिनमा खसेर छट्पटिन थाल्यो । त्यसपछि दुवै जना हाँस लिन दगुरे । सिद्धार्थ छिटो दगुर्नसक्ने भएकाले उनले हाँसलाई पहिले लिए र त्यसलाई अंगालो हाले । एकै छिनपछि देवदत्त पनि आइपुगे र उनले सिद्धार्थसँग हाँस मागे । सिद्धार्थले हाँस दिन मानेनन् । देवदत्तले त्यो हाँस आफूले वाँण हानेर खसालेकोले आफूले नै पाउनुपर्ने भनी जिकिर गरे । सिद्धार्थले पनि पहिले आफूले लिएको हुनाले आफूसँगै राख्न पाउनुपर्ने तर्क राखे । दुवैका बीच भनाभन हुन थाल्यो । दुवैले आ-आफ्नो ढिपी नछाड्ने भएपछि दुवै जना न्यायाधीशकहाँ पुगे ।



Pariyatti Book 1.pmd 10 3/28/2012, 9:48 AM

निकै बेरसम्म सोचविचार गरिसकेपछि न्यायाधीशले फैसला सुनाए,"कुनै पनि प्राणीमाथि मार्नेको भन्दा बचाउनेको बढी अधिकार रहन्छ । त्यसैले हाँसमाथिको अधिकार हाँसलाई मार्न खोज्नेसितभन्दा त्यसलाई बचाउन खोजेका सिद्धार्थसित रहन्छ, त्यसमा देवदत्तको कुनै हक लाग्दैन ।" त्यसपछि सिद्धार्थले त्यस हाँसलाई आफूसितै राखे र उपचार गरेर निको तुल्याइसकेपछि स्वतन्त्र छाडिदिए ।



## विवाह मङ्गल

विद्या र शिल्पको क्षेत्रमा पारंगत सिद्धार्थ सोह्र वर्षको भएपछि राजा शुद्धोदनले कपिलवस्तुको राज्यभार सिद्धार्थलाई नै सुम्पने व्यवस्था मिलाउनेतिर लागे । राजदरबारको सुख ऐश्वर्यतिर सिद्धार्थको मन ढल्किने वातावरण बनाउन विशेष ध्यान दिइयो । उनका लागि रम्य, सुरम्य र शुभ नाउँका ऋतुअनुसारका राजमहलको निर्माण गरियो । दरबारमा नाच्ने र गाउने केटीहरु पनि नियुक्त गरिए ।

यसका साथै सिद्धार्थको विवाह देवदह नगरका सुप्रबुद्धकी छोरी यशोधरासित सम्पन्न भयो । यशोधरालाई गोपा र बिम्बा पनि भन्ने गरिन्छ ।



Pariyatti Book 1.pmd 11 3/28/2012, 9:48 AM





## चार निमित्त


एक दिन सिद्धार्थ आफ्ना सारथी छन्दकसँग बाहिर डुल्न गएका थिए । त्यस बेला सिद्धार्थ उनन्तीस वर्षका थिए । बाटोमा उनीहरूले एक जना बूढालाई देखे । बूढाको कपाल सेताम्य फुलेको थियो भने अनुहार पनि चाउरीएको थियो । उनी साह्रै निर्धा देखिन्थे । उभिंदा पनि उनको सिङ्गो जिउ काँपिरहेको थियो । आफ्ना खुट्टाका भरमा उभिनसम्म पनि नसक्ने भएका उनी लौरो टेकेर थरथर काम्दै बल्लतल्ल हिँडिरहेका थिए किनभने उसका आँखा पनि साह्रै कमजोर देखिन्थे । त्यसलाई हेर्दाहेर्दै सिद्धार्थको मनमा बेचैनी बढ्न थाल्यो र उमेर पुगेपछि आफू समेत उस्तै हुने कुरा देखेपछि उनको शरीर शिरिङ्ग भयो । त्यो हृदयले गर्दा सिद्धार्थलाई घुम्न मन लागेन अनि तत्कालै दरबारमा फर्के । दरबारमा फर्केपछि पनि त्यो दृश्य झलझली नै आइरह्यो ।

अर्को दिन पनि घुम्न जाँदा उनले एक जना रोगीलाई देखे । रोगी मानिस बाटोछेउमा बसेर ऐया ! ऐया ! भन्दै कराइरहेका थिए । त्यस दु:खदायी दृश्यले उनलाई नराम्ररी चिमोट्यो । उनी त्यसभन्दा पर डुल्न जानै सकेनन् र उत्निखेरै दरबारमा नै फर्के ।

फेरि अर्को दिन बाहिर डुल्न जाँदा उनले मुर्दा लगिरहेको देखे । मलामी गएकाहरू रूँदै कराउँदै गइरहेका थिए । मर्न कोही चाहँदैनन् तर पनि मानिस मर्नुपर्छ । बाँचिरहेकाहरूले मर्नुपर्ने कुरा बिर्सन खोज्छन् तर जति बिर्से पनि आखिर मर्नै पर्छ भन्ने ज्ञान उनले पाए । यो देखेर पनि उनको मन भरङ्ग भयो र उनी नडुलीकनै फर्के ।



Pariyatti Book 1.pmd 12 3/28/2012, 9:48 AM





उनका आँखाअगाडि ती दृश्यहरु फनफनी घुमिरहे । त्यसबाहेक उनले अरु कुरा देख्दै देखेनन् । आँखा चिम्म गरेपनि आँखाभित्रका आँखाले ती नै चित्रहरु मात्र देखिरहे । वास्तवमा तिनका कारणले उनी भाव-सागरमा चुर्लुम्बिए । उनको मन नाच, गान र अरु सांसारिक कुरामा पटक्कै गएन । अर्को शब्दमा संसारका कुनै पनि रङ्गीचङ्गी कुराले उनको मनलाई तान्न सकेन, एक रौं अंगुल पनि हल्लाउन सकेन ।

दरबार चहकिलो थियो तर सिद्धार्थको अनुहार अँध्यारो थियो । उनको मनमा शान्ति थिएन । त्यसैले उनी दरबारमा बसिरहन सकेनन् र बाहिर घुम्न गए । यस पालि उनले एक जना भिक्षुलाई देखे । भिक्षु शान्त-स्वभाव र आनन्दको देखिन्थ्यो । सिद्धार्थलाई पनि त्यस्तै स्थिर र शान्त स्वभावको हुन मन लाग्यो ।

भिक्षुलाई देखेर आनन्दित मन लिएर सिद्धार्थ बगैंचामा पुगे । त्यहीं दिनभरी रमाएर उद्यान क्रीडा गरिरहे ।



## राहुल कुमारको जन्म

गृहस्थी-जीवनबाट टाढा प्रव्रजित जीवन बिताउने विचार लिएर रमाइरहेको सिद्धार्थलाई गृहत्याग गर्ने विचारमा मग्न भइरहेको बेलामा यशोधराका गर्भबाट राहुलको जन्म भएको खबर सुनाउन राजा शुद्धोदनले दूत पठाए । सिद्धार्थलाई दूतले यशोधराबाट पुत्रको जन्म भएको खबर सुनायो ।

खबर सुनेपछि आफू गृहस्थी जीवनमै फँस्ने पो हुँ कि भनी सिद्धार्थ हच्किए । त्यस कारण सिद्धार्थले भने, "राहु उत्पन्न भएछ !"

यो कुरा सुनेर शुद्धोदन राजाले आफ्नो नातिलाई 'राहुल' भनी नामकरण गरे ।



Pariyatti Book 1.pmd 14 3/28/2012, 9:48 AM



## नर्तकीहरूको विकार

सिद्धार्थ दरबारमा पुगे । शुद्धोदन राजालाई सिद्धार्थको मनको स्थितिबारे थाहा भइसकेको थियो । त्यसैले उनले सिद्धार्थलाई गृहस्थीमै रम्न लगाउन नाच-गानको व्यवस्था गरे । उनले राम्रा राम्रा नर्तकीहरूलाई नाच्न लगाए, गाउन लगाए । तर सिद्धार्थको मन त्यतातिर अलिकति पनि आकर्षित भएको थिएन । उनले ती नाच्नेहरूलाई देखेकै थिएन बरू उनका आँखा बन्द रहँदा समेत संसारलाई हेर्ने र बुझ्ने नयाँ दृष्टि दिने ती बूढो, रोगी र मुर्दा अनि भिक्षुलाई मात्र उनले झलझली देखिरहेका थिए । गाउनेहरूको गीत सुनेकै थिएन बरू उनका कान वरिपरि रोगी र दुखीहरूको आर्तनाद मात्र गुन्जिरहेको थियो । वास्तवमा उनी गृहस्थी जीवनबाट मुक्त हुने बाटोको खोजीमा थिए, दरबार छाडेर जाने अवसर हात पार्ने धुनमा थिए । त्यसैले नाच्ने र गाउनेहरु नाचेर थाके, गाएर थाके र सुते तर सिद्धार्थ आफ्नै धूनमा थिए, बिचारमग्न र सजग थिए ।



Pariyatti Book 1.pmd 15 3/28/2012, 9:48 AM



## महाभिनिष्क्रमण

सबै थाकेर सुतेपछि सिद्धार्थ बिस्तारै उठे र यताउति हेरे । आफूले खोजिरहेको मौका आइपुगेको ठाने । सिद्धार्थ आफ्नो निर्णयमा दृढ थिए । आफैले लिएको निर्णय किन नहोस् त्यसलाई दृढ संकल्पका साथ लागू गर्नु गाह्रो हुने नै भयो । दरबारको वैभव, आराम र सेवा, अनि आफ्ना परम पूज्य आमा बुबा, प्रिय स्वास्नी र पुत्र सबलाई छाड्नु सजिलो किन हुन्थ्यो र !

सिद्धार्थ बिस्तारै खाटबाट ओर्ले । सुतिरहेकाहरु बिउँझलान्, रोइकराइ गर्लान् अनि उनलाई रोक्लान् भनी आवाज नआउने गरी बिस्तारै पाइला सार्दै कोठा बाहिर निस्के । छोरा राहुलकुमारलाई काखीच्यापी सुतिरहेकी यशोधरालाई मात्र एक पाइला कोठाभित्र टेकेर टाढैबाट हेरे । त्यसपछि आफ्नो सारथी छन्दकसँग कन्थक घोडा लिएर दरबारबाट बाहिर निस्के । त्यो बेला आषाढपूर्णिमाको मध्यरात थियो र पुरै धर्ती पूर्ण चन्द्रको ज्योतिले लिपेकोजस्तै गरी जगमगाइरहेको थियो । यो सिद्धार्थको महाभिनिष्क्रण थियो ।



Pariyatti Book 1.pmd 16 3/28/2012, 9:48 AM

# अभ्यास - १

## शब्दार्थ :-

१. प्रव्रज्या - भिक्षु हुने, ऋषि हुने, दरबार छाड्ने, गृहस्थी छाड्ने कार्य
२. बोधिसत्त्व - भविष्यमा बुद्ध हुने
३. अन्धविश्वास - थाहा नपाईकन, नबुझीकन नै विश्वास गर्ने
४. निमित्त - लक्षण, कारण
५. महाभिनिष्क्रमण - बोधिसत्त्वहरूद्वारा बुद्ध हुन गृहत्याग गर्ने
६. नक्षत्र - ग्रह नक्षत्र
७. पञ्चाङ्ग - पाँच अंगले युक्त
८. गृहस्थी - बालबच्चाहरूसहित सपरिवार घरमा बस्ने

### १) खाली ठाउँमा मिल्ने शब्द राखी वाक्य पूरा गर्नुहोस् ।

१. आजभन्दा छब्बीस सय वर्षअघि .................... भन्ने एउटा राज्य थियो । (लुम्बिनी, कपिलवस्तु)
२. यो बालक .................... लक्षणले पूर्ण छ । (बत्तीस, चौंतीस)
३. सिद्धार्थकुमार ............ भयो । एक दिन छन्दकसँग डुल्न गयो । (बीस वर्ष, उनन्तीस वर्ष)
४. सिद्धार्थले विस्तारै शिर उठाएर हेर्दा सबै ............... । (कराउँदै थिए सुतिरहेका थिए)

### २) तल दिइएका शब्द राखी वाक्य बनाउनुहोस् ।

१. सिद्धार्थ २. लुम्बिनी ३. राहुल ४. बुढो ५. रोगी

### ३) प्रश्नको उत्तर दिनुहोस्

क) बोधिसत्त्व गर्भमा बस्न आएको दिनको शुद्ध रातमा महामायादेवीले कस्तो स्वप्न देखिन् ?
ख) सिद्धार्थको जन्म कुन बारमा भएको हो ?
ग) सिद्धार्थलाई हेरी असित ऋषि किन हाँसे ?
घ) शुद्धोदन महाराजाले प्रथमवार र द्वितीयवार पुत्र-वन्दना कहिले कहिले गरे ?
ङ) सिद्धार्थलाई कति वर्षमा, कोसँग विवाह गराइदिए ?
च) सिद्धार्थलाई शुद्धोदन राजाले कतिवटा दरबार बनाइदिएथे ? ती दरबारहरूका नाउँ के के हुन् ?
छ) सिद्धार्थले एक दिन डुल्न जाँदा कस्तो बूढोलाई देखे ?
ज) सिद्धार्थले कुन उमेरमा महाभिनिष्क्रमण गरेका थिए ?



Pariyatti Book 1.pmd 17 3/28/2012, 9:48 AM

## ४) सही उत्तरमा गोलो चिनो लगाउनुहोस् ।

क) सपनामा रानी महामायादेवीले कुन जनावर देखेकी थिइन् ?
१) सेतो हात्ती २) कालो हात्ती ३) सेतो घोडा ४) कालो घोडा

ख) बालक सिद्धार्थलाई सबभन्दा पहिला वन्दना गर्ने मानिस को थिए ?
१) राजा शुद्धोदन २) मायादेवी ३) असित ऋषि ४) यशोधरा

ग) नामाकरण गर्न बोलाइएका ८ जना ब्राह्मणमध्ये सबभन्दा कान्छा ब्राह्मण को थिए?
१) कोण्डन्य २) अस्सजित ३) देवदत्त ४) भद्दिय

घ) धान रोपाइँको मंगल उत्सवमा राजकुमार सिद्धार्थले कस्तो ध्यान गरेका थिए ?
१) विपस्सना ध्यान २) श्वास प्रश्वासलाई हेर्ने ध्यान
३) श्वास प्रश्वासलाई रोक्ने ध्यान ४) समथ ध्यान

ङ) यी मध्ये ४ निमित्तभित्र कुन पर्दैन ?
१) बुढो २) रोगी ३) भिक्षु ४) नर्तकी

च) सिद्धार्थ राजकुमारका एक मात्र सन्तानको नाम के थियो ?
१) राहुल २) राहु ३) नन्द ४) देवदत्त

## ५) जोडा मिलाउनुहोस् ।

| | |
|---|---|
| शुद्धोदन | जन्म दिने आमा |
| मायादेवी | सर्व अर्थ सिद्ध गर्ने |
| प्रजापति गौतमी | कपिलवस्तुका राजा |
| सिद्धार्थ | सिद्धार्थका भाइ |
| देवदत्त | पालन पोषण गर्ने आमा |

## ६) सामूहिक क्रियाकलाप

राजहंसको घटना याद गर्नुहोस् (पेज १०) । तपाईँहरूमध्ये कोही एक जना सिद्धार्थ, एक जना देवदत्त र एक जना न्यायधीश भएको कल्पना गरी कक्षामा अभिनय गरी प्रस्तुत गर्नुहोस् ।



Pariyatti Book 1.pmd 18 3/28/2012, 9:48 AM

# धर्म



## भगवान् बुद्धका प्रमुख शिक्षाहरू

✓ नराम्रो काम नगरौं
✓ राम्रो काम गरौं
✓ मनलाई सफा राखौं

भगवान् बुद्धले दिनुभएको यस शिक्षाले हामीलाई असल र सुखमय् जीवन जिउन सिकाउँछ । यी शिक्षाको पालन गर्नु भनेकै धर्म गर्नु हो । यसले हामीलाई समस्यासित सामना गर्न र समाधान खोज्न सिकाउँछ । माथिका शिक्षाको पालन गर्नाले हाम्रो जीवन सुखपूर्ण र शान्तिमय बनाउँछ ।





## नराम्रो काम नगरौं

- हामीले रमाइलो गर्दा अरूलाई चोट लाग्छ, अरूको हानी हुन्छ भने त्यस्तो काम नगरौं । कुनै पनि प्राणीलाई चोट पुऱ्याएर मार्नु राम्रो काम होइन । अरूको शरीर र मनमा चोट पुग्ने काम गर्दै नगरौं ।
- चोर्नु राम्रो होइन । कसैको पनि सम्पत्ति चोरिन्छ भने उसको मन दुख्छ, ऊ दुखी हुन्छ । फेरि चोर्नेले पनि सजाय पाउँछ ।
- हाँसखेल गर्नु, ठट्टा-रमाइलो गर्नु रमाइलो हुन्छ तर नभएको कुरा गरेर, झूटो बोलेर रमाइलो गर्दा अनेकन् समस्या आइपर्न सक्छ । त्यसले अरूलाई असजिलो हुन सक्छ । त्यसैले हामी झूटो कुरा गरेर, नभएको कुरा गरेर वा अरूलाई असजिलोमा पारेर हाँस्ने काम नगरौं ।



Pariyatti Book 1.pmd 20 3/28/2012, 9:48 AM



## राम्रो काम गरौं

- हामी हाम्रा आमाबाबु र गुरु गुरुमाहरूको आदर गरौँ । उहाँहरूको सम्मान गरौँ । हामीले उहाँहरूबाट जहिले पनि सल्लाह र सहयोग पाइरहेका छौँ । उहाँहरूकै आशीर्वादले नै हामीहरूको जीवन सफल भएको छ ।
- हामी परस्परमा सहयोग गरौँ । सहयोगको खाँचो सबैलाई पर्छ । परस्परमा सहयोगी बन्न सक्यौँ भने हामी जीवनमा निर्धक्क र सुखी हुन सक्छौँ ।



- साथी रोज्दा असलखालको रोजौँ । असल साथीले हामीलाई राम्रो मान्छे बन्न सघाउँछ । नराम्राहरूबाट टाढा रहौँ । राम्रो काम गर्ने मान्छे भमराजस्तै गुनी हुन्छ भने नराम्रो मान्छे झिंगाजस्तै खराब हुन्छ ।



Pariyatti Book 1.pmd 22 3/28/2012, 9:48 AM




## मनलाई सफा राखौं

- हामी स्वार्थी नबनौं । जेमा पनि 'म र मलाई' नभनौं । स्वार्थी मान्छेले "मैले खेल्न पाउँदिनँ भने म यो बल लुकाइदिन्छु, अनि कसरी उनीहरू खेल्छन्, हेरूँ !" भन्छन् । यस्तो विचारले अरूलाई हानी त पुऱ्याउँछ पुऱ्याउँछ आखिरमा ऊ आफैलाई समेत खराब हुन्छ । यो मनको मयल हो । मयल त सबैका निम्ति खराब कुरो हो नि त ।
- लोभी बन्नु पनि मनलाई फोहर पार्नु हो । लोभी मानिसले दुःख पाउँछ । लोभी मानिस मेहनती हुँदैन । अरूको लोभ गरेर होइन आफूसँग भएको कुरालाई दिएर अरूको सहयोग गर्न जान्नु पर्छ । त्यसो गर्न पाउँदा नुहाएर मयल फालेजस्तै गरी मन हलुँगो हुन्छ ।




Pariyatti Book 1.pmd 23 3/28/2012, 9:48 AM

# संघ



- संघ भन्नाले भिक्षुहरूको र भिक्षुणीहरूको संगठित समूह हो । भिक्षु-भिक्षुणीहरु बुद्धको शिक्षाले मानिसलाई राम्रा र सुखी बनाउँछ भन्ने कुरामा विश्वास गर्छन् र त्यस शिक्षाबाट सबैको जीवन राम्रो र सुखमय होस् भन्ने कामना गर्छन् ।

- जो पनि भिक्षु बन्न सक्छन् । बुद्धको शिक्षा अनुसार नियमलाई पालन गर्न सक्ने जोपनि पुरूष भिक्षु बन्न सक्दछन् । भिक्षुहरूले आफ्नो केश खौरेका हुन्छन् र चीवर (काषाय वस्त्र) धारण गरेका हुन्छन् । भिक्षुहरूले लाउने लुगालाई हामी चीवर भन्छौं । भिक्षुहरु आफ्नो दिनचर्यामा बिहान सबेरै उठछन्, बिहानको जलपानपछि बुद्धधर्मको अध्ययनमा लाग्छन्, दिउँसो गृहस्थहरूलाई बुद्ध धर्मका कुरा सिकाउँछन् र साँझतिर ध्यानमा बस्छन् । यसरी भिक्षु-भिक्षुणीहरु आफ्ना शुभ-कर्मबाट आफ्नो मन शुद्ध पार्छन् ।






Pariyatti Book 1.pmd 24 3/28/2012, 9:48 AM






- भिक्षुणीहरु पनि आफ्ना कपाल खौरन्छन् र काषाय (पहेंलो) रङ्को चीवर लगाउँछन् । अचेल अनागारिकालाई गुरूमा भन्ने चलन छ । अनागारिकाहरु गुलाफी रङ्को लुगा लगाउँछन् । अनागारिकाहरूलाई शीलवती पनि भन्छन् । अनागारिकाहरु शीलवती र शान्त मुहारका हुन्छन् ।
- चीवर वस्त्र धारण नगरेका गृहस्थ उपासकहरूले पनि बुद्धशिक्षा अध्ययन गर्छन् । उनीहरू बुद्धलाई आदर र गौरव गर्छन् । त्यस्तै धर्म र संघलाई पनि आदर र गौरव गर्दछन् । उनीहरू मिलनसार, असल र शान्त हुन्छन् ।
- चीवर नलगाएका गृहस्थ उपासिकाहरूले पनि बुद्धका उपदेशलाई पालन गर्दछन् अर्थात् धर्म गर्दछन् । बुद्धका उपदेश अनुसार ब्यवहार गर्छन् र संघको आदर र गौरब गर्दछन् । उपासिकाहरु मिलनसार, असल र शान्त हुन्छन् ।




- मानिसहरू आफूलाई मन नपराउनेसित मन पराएनन् भनेर रिसाउने गर्छन् । त्यसो गरेर उनीहरूले आफैँलाई दुःख दिइरहेका हुन्छन् । कसैले मन पराए वा पराएनन् भन्ने कुरामा चिन्ता लिएर हिँड्नु हुँदैन । तर समस्याहरू दिनहुँ आइरहेका नै हुन्छन् । समस्या आइपर्दा उपासक उपासिकाहरू भिक्षु-भिक्षुणीहरूकहाँ आदरका साथ सल्लाह माग्न पुग्छन् । उपासक उपासिकाहरूले भिक्षु, श्रामणेर, अनागारिकाहरूका लागि खानेकुरो र चीवर वस्त्र पनि दान दिने गर्दछन् ।



Pariyatti Book 1.pmd 26 3/28/2012, 9:48 AM

# अभ्यास - १

**१. तलका वाक्यहरू ठीक छन् कि छैनन् छुट्याउनुहोस् । बेठीक लागेका कुराहरू सच्याउनुहोस् ।**

क) मन सफा गर्नु नै धर्म गर्नु हो ।
ख) आफू र आफ्नो समूहका साथीहरूलाई रमाइलो हुन्छ भने अरूलाई चोट पुग्ने काम गरे पनि केही फरक पर्दैन ।
ग) ठट्टा गर्दा, अरूको सामान नसोधीकन लिँदा अरूलाई असजिलो हुन सक्छ भनी ख्याल राख्नुपर्दछ ।
घ) सहयोगी भयौं भने सुखी हुन्छौं ।
ङ) साथीले जे कुरा भने पनि मान्नुपर्छ ।
च) स्वार्थी र लोभी भएपछि मन मैलो हुन्छ ।

**२. सामूहिक क्रियाकलाप**

कक्षालाई दुई समूहमा (यदि संख्या धेरै भएमा दुइभन्दा बढी पनि गर्न सकिन्छ) विभाजित गर्नुहोस् । एक समूहले भमराका र अर्को समूहले झिंगाका स्वभावहरू टिप्नुहोस् । त्यसैगरी असल मानिस र खराब मानिसहरूको स्वभाव पनि टिप्नुहोस् । भमरा र असल मानिसको स्वभावबीच कस्तो समानता छ ? झिंगा र खराब मानिसका स्वभावबीच कस्तो समानता छ ? तल देखाइए जस्तै टेबुलमा लेख्नुहोस् । यसलाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

| झिंगाको स्वभाव | खराब मानिसको स्वभाव |
|---|---|
| | |
| | |
| | |

| भमराको स्वभाव | असल मानिसको स्वभाव |
|---|---|
| | |
| | |
| | |

**३. गरेर हेरौं ।**

पाठमा दिइएको भिक्षुको दैनिकी हेर्नुहोस् । तपाईंले पनि आफूले दिन-दिनै गर्दै आइरहनुभएका क्रियाकलापहरूको तालिका तयार गर्नुहोस् । आफ्ना साथीहरूसँग छलफल गर्नुहोस् । साथीको कुनै काम आफूलाई मनपऱ्यो कि ? आफ्ना कुनै कामहरूमा साथीको कुनै सुझाव छ कि ? छलफल गर्नुहोस् ।

### ४. छोटो उत्तर दिनुहोस् ।

क) बुद्धका मुख्य उपदेशहरू के के हुन् ?
ख) धर्मको पालन गर्दा कस्तो फाइदा हुन्छ ?
ग) संघ केलाई भनिन्छ ?
घ) मन सफा राख्न के के गर्न सकिन्छ ? आफूलाई लागेका कुनै तीन उपायहरू लेख्नुहोस् ।

### ५. तलका विषयहरू राम्रा छन् कि नराम्रा, छुट्याएर तालिकामा भर्नुहोस् ।

| | | | |
|---|---|---|---|
| झगडा गर्नु | मार्नु | अरूलाई मद्दत गर्नु | झूटो बोल्नु |
| बाड्नु | साथी बनाउनु | स्वार्थी हुनु | अरूलाई सहयोग नगर्नु |
| शान्तपूर्वक बस्नु | लोभी हुनु | गुरुहरूलाई आदर गर्नु | |
| चोरी गर्नु | इमान्दार हुनु | जनावरहरूलाई माया गर्नु | |

| राम्रा कामहरू | नराम्रा कामहरू |
|---|---|
| | |
| | |
| | |
| | |
| | |

### ६. आफूलाई मनमा लागेअनुसार तलका वाक्यहरू पूरा गर्नुहोस् ।

क) हामीले अरूको सहयोग गर्नुपर्छ किनभने .............................. ।
ख) आमा बुबाको आदर गर्नुपर्छ किनभने .............................. ।
ग) .................... र .................... मनको मयल हो ।
घ) केश खौरिएका र चीवर लगाएका पुरुषहरूलाई .............. भनिन्छ भने महिलाहरूलाई .................. वा .................. भनिन्छ ।
च) चीवर नलगाएका घरमै बसेर बुद्धका उपदेशहरूको पालन गर्ने मानिसहरूलाई .............. र .............. भनिन्छ ।



Pariyatti Book 1.pmd 28 3/28/2012, 9:48 AM

# त्रिरत्न


- बुद्ध, धर्म र संघ यी तीन शब्दलाई एक शब्दमा 'त्रिरत्न' भनिन्छ । यी तीन कुरा साँच्चैका महत्वपूर्ण रत्न हुन् । हामीहरु बुद्धलाई आदर र गौरव गर्छौं, धर्मको अध्ययन गर्छौं र भिक्षु तथा भिक्षुसंघले दिएको उपदेशको पालन गर्छौं । त्यसो भनेको संघको उपदेश अनुसार हिँड्छौं ।




- पहिलो रत्न भनेको भगवान् बुद्ध हुनुहुन्छ ।
उहाँ बुद्ध-धर्मका प्रतिपादक वा संस्थापक हुनुहुन्छ ।
उहाँले ज्ञान प्राप्त गर्नुभयो, सत्य जान्नुभयो ।
उहाँ प्रज्ञा (विशुद्ध ज्ञान) का प्रतीक हुनुहुन्छ ।
उहाँले ज्ञान र मैत्रीबाट सुखमय जीवन पाउने कुरा सिकाउनुभयो ।



Pariyatti Book 1.pmd 29 3/28/2012, 9:48 AM



- दोस्रो रत्न धर्म हो ।
  धर्म बुद्धका शिक्षाहरु हुन् ।
  हामीले धर्मलाई पालना गर्छौं ।
  धर्मले हामीलाई खुसी र प्रशन्न रहन सिकाउँछ ।



- तेस्रो रत्न संघ हो ।
  संघ भिक्षु र भिक्षुणीहरुको समुह हो ।
  संघ शुद्धताको प्रतीक हो ।
  संघले हामीलाई असल बाटो देखाउँछ ।



Pariyatti Book 1.pmd 30 3/28/2012, 9:48 AM

# शील, परिचय र परिभाषा

## पञ्चशील के हो ?

हाम्रो शरीर, वचन र मनबाट अरुमाथि पर्नसक्ने खराब परिणामहरु हुन नदिन हामीले पालन गर्नुपर्ने नियमहरु भनेका शीलहरु हुन् । पञ्चशील– पाँचवटा नियमहरु हुन् ।



**पञ्चशील यस प्रकार छ–**

म प्राणी हिंसा नगर्ने शीलको पालन गर्छु ।
म चोरी नगर्ने शीलको पालन गर्छु ।
म व्यभिचार नगर्ने शीलको पालन गर्छु ।
म झूटो नबोल्ने शीलको पालन गर्छु ।
म जाँड रक्सी सेवन नगर्ने शीलको पालन गर्छु ।



Pariyatti Book 1.pmd 31 3/28/2012, 9:48 AM

## पञ्चशील विधि

ओकास द्वारत्तयेन कतं सब्बं अपराधं खमथ मे भन्ते ।
दुतियम्पि ओकास द्वारत्तयेन कतं सब्बं अपराधं खमथ मे भन्ते ।
ततियम्पि ओकास द्वारत्तयेन कतं सब्बं अपराधं खमथ मे भन्ते ।

अहं भन्ते, तिसरणेन सह पञ्चसीलं धम्मं याचामि; अनुग्गहं कत्वा सीलं देथ मे भन्ते ।
दुतियम्पि अहं भन्ते, तिसरणेन सह पञ्चसीलं धम्मं याचामि; अनुग्गहं कत्वा सीलं देथ मे भन्ते ।
ततियम्पि अहं भन्ते, तिसरणेन सह पञ्चसीलं धम्मं याचामि; अनुग्गहं कत्वा सीलं देथ मे भन्ते ।

**नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।**

यसको अर्थ – *वहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धलाई नमस्कार ।*

बुद्धं सरणं गच्छामि ।
धम्मं सरणं गच्छामि ।
संघं सरणं गच्छामि ।
दुतियम्पि बुद्धं सरणं गच्छामि ।
दुतियम्पि धम्मं सरणं गच्छामि ।
दुतियम्पि संघं सरणं गच्छामि ।
ततियम्पि बुद्धं सरणं गच्छामि ।
ततियम्पि धम्मं सरणं गच्छामि ।
ततियम्पि संघं सरणं गच्छामि ।

पाणातिपाता वेरमणी सिक्खापदं समादियामि ।
अदिन्नादाना वेरमणी सिक्खापदं समादियामि ।
कामेसु मिच्छाचारा वेरमणी सिक्खापदं समादियामि ।
मुसावादा वेरमणी सिक्खापदं समादियामि ।
सुरामेरय-मज्जपमादट्ठाना वेरमणी सिक्खापदं समादियामि ।

(नजिकैको विहारमा भिक्षुसंघसमक्ष वा बुद्धप्रतिमाअगाडि प्रयोगात्मकरूपमा प्रार्थना गर्नुहोस् ।)



Pariyatti Book 1.pmd 32 3/28/2012, 9:48 AM

## शील पालन गर्दा के हुन्छ ?

जति राम्ररी शीलको पालन गरिन्छ त्यति नै बढी हाम्रो शरीर, वचन र मन शुद्ध हुन्छ र हामीलाई सुख र शान्ति प्राप्त हुन्छ ।

शील पालन गर्ने व्यक्ति सुखी हुन्छ ।

शील पालन गर्ने व्यक्तिलाई अरूले घृणा गर्दैनन् ।

शीलयुक्त व्यक्ति नै पूर्ण मान्छे हुन्छ ।

शील पालन गर्ने व्यक्ति सबैका प्रिय मित्र हुन्छन् ।

राम्रो कामको आधार शील नै हो ।



## शील पालना नगर्नाले के हुन्छ ?

शील पालन नगर्ने निर्दयी र क्रूर हुन्छन् ।

शील पालन नगर्ने अपराधी हुन पुग्छन् ।

शील पालन नगर्नेलाई कसैले पनि मन पराउँदैनन् ।

शील पालन नगर्नेले आफू र अरूका निम्तिसमेत समस्याका कारक बन्न पुग्छन् ।

शील पालन नगर्ने व्यक्ति धार्मिक हुन सक्दैनन् ।

शील पालन नगर्नेसँग राम्रा मानिसहरूले नचाहने हुन्छन् ।



Pariyatti Book 1.pmd 33 3/28/2012, 9:48 AM

# अभ्यास - १

**१. खाली ठाउंमा भर्नुहोस् ।**

- बुद्ध धर्म र संघलाई .................................. भनिन्छ ।
- ..................... ज्ञानका प्रतीक हुनुहुन्छ र धर्मका संस्थापक हुनुहुन्छ ।
- बुद्धका शिक्षाहरूलाई नै ..................... भनिन्छ ।
- संघ भनेको ................. र .................. को समूह हो र यो .................. को प्रतीक हो ।
- हाम्रो ...................... , ........................... र ............................. बाट अरूमाथि पर्नसक्ने खराब परिणामहरू हुन नदिन पालन गर्नुपर्ने नियमलाई नै शील भनिन्छ ।

**२. जोडा मिलाउनुहोस् ।**

| | |
|---|---|
| बुद्ध | भिक्षु र भिक्षुणीहरूको समूह |
| धर्म | प्राणीहिंसा नगर्नु |
| संघ | ज्ञानको प्रतिपादक |
| पञ्चशीलमध्ये एक | बुद्ध, धर्म र संघको शरण |
| त्रिशरण | बुद्धका शिक्षाहरू |

**३. ठीक बेठीक छुट्याउनुहोस् ।**

प्राणीहरूलाई मार्नु हुँदैन तर रमाइलोको लागि दुःख दिए पनि हुन्छ ।
धर्म पालन गर्नाले मानिस सुखी हुन्छ ।
पञ्चशीलमा आठवटा शीलहरू हुन्छन् ।
शील बिनाको मानिस अपूर्ण हुन्छ ।
शील पालन नगर्दा समस्याहरू आउन सक्छन् ।

**४. शील पालन गर्दा कस्तो फाइदा हुन्छ, लेख्नुहोस् ?**

**५. बुद्ध, धर्म र संघलाई किन रत्न भनिएको हो ?**

**राम्रो काम गर्दा मनमा आनन्दको अनुभूति हुन्छ । तपाईले गर्नुभएको कुनै एक राम्रो काम जुन काम गर्दा अत्यन्त मन आनन्दित भएको थियो त्यसबारे आफ्नो नजिकको साथीलाई सुनाउनुहोस् साथै साथीको पनि कुरा सुन्नुहोस् ।**

**कक्षाका सबै विद्यार्थीहरू मिली नजिकैको विहारमा जानुहोस् । त्यहाँ कुनै भिक्षु वा गुरूमांलाई भेटी शील प्रार्थना गर्नुहोस् ।**




Pariyatti Book 1.pmd 34 3/28/2012, 9:48 AM

## ६. सुहाउँदो रंग भर्नुहोस् ।



६. सुहाउँदो रंग भर्नुहोस् ।



# रोचक कथाहरू

बुद्ध शिक्षाका केही धार्मिक कथाहरू बुझ्न कठिन अर्थात् गाह्रो खालका छन् । त्यसैले भगवान् बुद्धले धर्मका शिक्षा सबैले सजिलै लिन सकुन् भनी कथाहरू सुनाउनुभएको छ । अब हामी केही कथाहरू प्रस्तुत गर्छौं –

## मृगदावनको कथा

धेरै समयअघिको कुरा हो, एउटा जङ्गलमा मृगहरू बस्थे । जङ्गलमा थरीथरीका रसिला घाँस थिए । त्यसैले त्यहाँ मृगहरू आनन्दित भएर चर्दथे ।




एक दिन त्यस देशका राजा आफ्ना सिपाहीहरू लिएर त्यस जङ्गलमा शिकार खेल्न गए । राजाले एउटा मृग मस्तसँग चरिरहेको देखेर वाण चलाए । राजाले छाडेको वाण गएर सोझै मृगलाई लाग्यो । वाण लागेको मृग घाइते त भई तर ऊ त्यहाँबाट बेतोडले दगुर्‍यो । त्यसपछि शिकारी राजा र सिपाहीहरू पनि मृगका पछि लागे ।

केही समयसम्म पछ्याइसकेपछि राजा र सिपाहीहरूले टाढैबाट त्यस घाइते मृगलाई घाँसमा पल्टिरहेको देखे । एउटा सानो पाठो त्यस मृगको साथमा



Pariyatti Book 1.pmd 37 3/28/2012, 9:48 AM

थियो । मृग एकातिर वाणको घाउबाट बगेको रगतको आहालमा झन्डै मूर्च्छा भएर पल्टिरहेको थियो भने त्यसै बेला उसले आफ्नो भोका पाठोलाई दूध चुसाउँदै थिई । एक छिनसम्म आफ्नो पाठोलाई थुन चुसाउँदा चुसाउँदै मृगले प्राण त्यागी ।




पाठोलाई दूध चुसाउँदा चुसाउँदै घाइते भएकी मृगले प्राण त्यागेको देखेपछि राजालाई आफ्नो कामप्रति साह्रै पछुतो भयो । उनले मृगको पाठोलाई उठाएर अंगाले । त्यसको लगत्तै उनले आफ्नो धनुलाई भाँचकुँच गरे र सबैले सुन्ने गरी दरो स्वरमा भने, "अब उप्रान्त म शिकार खेल्दिनँ । अनि आफ्नो कामको प्रायश्चित गर्न म यस पाठोलाई आफैँ हुर्काउँछु !"


राजाले त्यसपछि कहिल्यै शिकार खेलेनन् र त्यस जङ्गलको नाम नै 'मृगदावन' राखे ।



Pariyatti Book 1.pmd 38 3/28/2012, 9:48 AM

## जूनले तिमीलाई हेर्दैछ

एकादेशमा एउटा गरीब परिवार बस्दथ्यो । उनीहरु गरीबीका कारणले राती भोक-भोकै सुत्थे । तिनीहरु कहिलेकाहीँ छिमेकीहरूका खेतमा जाने गर्थे र तरकारी चोरेर ल्याउँथे । अनि त्यही खाएर दिन गुजार्थे । त्यस्तो काम तिनीहरूले राती राती गर्ने गर्थे ।



एक पल्ट परिवारको मूली मान्छे बुबा आफ्नो सानो छोरालाई लिएर घरबाट निस्के । रात छिप्पिसकेको थियो तर पनि जून लागेकोले अँध्यारो भने थिएन । खेतमा गाजर रोपिएको थियो । छोरालाई अलि पर उभ्याउँदै बुबाले भने,-"बाबु, कोही आएको देख्यौ भने संकेत दिइहाल्नू, बुझ्यौ ?" यति भनेर बुबाचाहिँ खेतमा पसेर गाजर उखेल्न थाले । बुबाचाहिँले चार पाँचवटा गाजर के उखेलेका मात्र थिए सानो छोरोले सचेत पार्दै भन्यो, "बुबा, हामीलाई कसैले हेर्दैछ !"

डरले आत्तिएर बुबाले यताउति हेरे र कसैलाई नदेखेपछि छोरोसँग मधुरो स्वरमा सोधे, "खै, कता ? को आइरहेछ ?"

छोरोले आकाशतिर औंल्याउँदै भन्यो, "उता माथि हेर्नुस् त बा, चन्द्रमाले हामीलाई हेर्दैछ ।"

छोरोको कुराले बुबा झस्किए र भित्र भित्रबाट लज्जित पनि भए । उनले हातमा लिएका गाजर खेतमै फाले र कहिल्यै कसैको केही पनि नचोर्ने प्रण गर्दै छोरालाई बोकेर घर फर्के ।



Pariyatti Book 1.pmd 39 3/28/2012, 9:48 AM

# भगवान् बुद्ध र राहुल

राहुल भगवान् बुद्धका एक मात्र छोरा थिए । उनी श्रामणेर भएका थिए । संघमा उनी सबभन्दा सानो भएकाले सबैले उनीलाई माया गर्थे । राहुल आफै पनि साह्रै आज्ञाकारी थिए ।



एक दिन भगवान् बुद्धले बोलाएर राहुललाई यसो भन्नुभयो –"राहुल, गोडा धुन मलाई एक भाँडो पानी ल्याइदिनु त ।"

राहुलले पानी ल्याएर बुद्धको गोडा धोइदिनुभयो । त्यसपछि भगवान् बुद्धले राहुलसँग प्रश्न गर्नुभयो – "राहुल, अब यो पानी पिउनु हुन्छ त ?"



राहुलले तुरुन्तै उत्तर दिए – "अहँ, यो त फोहर पानी हो, अब यो पिउन हुँदैन ।"

त्यसपछि भगवान् बुद्धले भन्नुभयो – "हो, यो पानी फोहर छ । त्यसैले यो पानी कसैले पनि पिउने छैनन् । त्यसरी नै झूटो कुरा फोहर हो र झूटो बोल्नेलाई कसैले पनि मन पराउने छैनन् ।

# असल मृगको कुशल अभिनय

यो सिकारू मृगको कथा हो । सिकारू मृगहरूमध्ये एउटा मृग आफ्नो कक्षामा कहिल्यै नराम्रो थिएन । ऊ होशियार थियो । ऊ गुरूहरूबाट पाठ सिकिसकेपछि गुरूहरूप्रति कृतज्ञता प्रकट गर्ने गर्थ्यो ।



एक दिन कसो कसो ऊ शिकारीको जालमा फँस्यो । उसका अरु साथीहरु उम्केर भागे । तिनीहरूले जालमा परेको मृगकी आमालाई उनको छोरो जालमा परेको कुरा सुनाए । यो कुरा सुनेर आमा मृग पिरोलिइन्, उनले बिलौना गरिन् ।

गुरू मृगले जालमा फँसेको मृगकी आमालाई सम्भाए, "तपाईंले पीर लिनु पर्दैन, धन्दा नलिनुस् । तपाईंको छोरो जसरी पनि उम्केर आउनेछ ।"

साँच्चै त्यसबेला जालमा परेको मृगले अलिकति पनि नआत्तिइकन कसरी फुत्किने हुँला भनी उपाय खोजिरहेको थियो । उसले गुरूहरूबाट सिकाइएका सबै




शिक्षाहरु सम्झन थाल्यो । अन्त्यमा उसले उपाय फेला पार्‍यो र न्याल चुहाउँदै, जिब्रो निकालिकन सास रोकेर आफू मरेकोजस्तो गरी जालभित्र पल्टिरह्यो ।

मृगको त्यो अवस्था देखेपछि शिकारीले मृग मरिसकेको ठहर्‍याएर त्यसलाई पकाएर खान भनी चूलोको जोरजाम गरिकन मृगलाई जालोबाट झिके । मौका मिल्ने बित्तिक्कै मृग बुर्लुक्क उफ्रेर त्यहाँबाट कुलेलम हुँदै आफ्नो बासस्थानमा पुग्यो । छोरो सकुशल फर्केकोमा आमा मृग अत्यन्त खुसी भई । त्यसपछि ऊ भलाकुशारी गर्न साथीहरु भेट्न गयो ।



Pariyatti Book 1.pmd 42 3/28/2012, 9:48 AM

# अन्धो र अपांग

एक जना अन्धो र अर्को अपाङ्ग एउटै घरमा बस्दै आएका थिए । त्यो दिन दुवै जना घरमै थिए । अचानक घरमा आगलागी भयो । घर हवाह्वार्ती बल्न थाल्यो । दुवै जना आत्तिए । अन्धोले कहाँ कसरी आगो दन्किरहेको थियो, देख्ने कुरै भएन । र जोगिने कसरी थाहा नपाएर ऊ आत्तिएको थियो । त्यसरी नै अपाङ्गचाहिँले आगो लागेको त देखिरहेको थियो तर देखेर मात्र के गर्ने आफू उठ्न समेत नसक्ने भएकाले आत्तिँदै कराइरहेको थियो ।



यसरी दुवै जना "गुहार !" "गुहार !" भनेर कराइरहेका थिए । आखिरमा तिनीहरूले परस्परमा सहयोग गर्ने निधो गरे । समय खेर नफालेर, हिँड्न सक्ने तर देख्न नसक्ने अन्धोले हिँड्न नसक्ने अपाङ्गलाई बोकेर लाने र हिँड्न नसक्ने तर सबै कुरा देख्ने अपाङ्गले अन्धोको काँधमा बसेर उम्किने बाटो देखाउने काम गर्ने निधो गरे । यसरी दुवै जनाले आ-आफ्नो क्षमताअनुसार राम्ररी काम गर्ने मिलेमतो गरेर आपसी सहयोगको नीतिअनुसार चलेर आ-आफ्नो ज्यान जोगाए ।






Pariyatti Book 1.pmd 43 3/28/2012, 9:48 AM

## माछा पाल्नेहरू

एक दिन गुरू र शिष्य शहर बजारतिर डुल्न गएका थिए । त्यसबेला उनीहरू माछा बजारनेर पुगेका थिए ।

गुरूले भने - "लौ, माछा सुकाएर राखेका ती डोरीलाई एक पल्ट छोएर सुँघिहेर त ।"




शिष्यले गुरूको आदेशानुसार डोरी छोएर सुँघी हेरेर भने - "अहो ! यो त साह्रै दुर्गन्धित छ !"

त्यसपछि गुरूले भने - "यस्तै हो, जस्तो संगत उस्तै फल ! नराम्रा साथीहरूको संगतमा पर्यौं भने आफू पनि नराम्रो नै हुनेछौं ।"



Pariyatti Book 1.pmd 44 3/28/2012, 9:48 AM




अर्को दिन उनीहरु मसला बेच्ने पसलनेर पुगेका थिए । पसलतिर देखाएर गुरूले भने – "आज त्यो पसलमा बेच्न राखिएका मसला छोएर सुँघिहेर त ।"

शिष्यले गुरूको आदेशानुसार गरेर भने – "गुरू ! अहिले मेरा यी सबै औंला सुगन्धित भएका छन् !"

त्यसपछि गुरूले भने, "यस्तै हो, सुगन्धयुक्त मसला छुँदा हाम्रा हात सुगन्धित भए जस्तै राम्रा साथीसितको संगत पाए हामी पनि राम्रै हुन्छौं । जस्तो संगत उस्तै फल !"



Pariyatti Book 1.pmd 45 3/28/2012, 9:48 AM

## स्याल र अरू साथीहरू

स्यालकी श्रीमतीले एक दिन आफ्नो श्रीमान्लाई भनी – "सधैँभरि यस्तै यस्तै मात्र के खानू, माछाको कुनै परिकार खान पाए पो !"



त्यसपछि स्याल नजिकैको माछा पोखरीतिर गयो । उसले त्यहाँ अरू दुई जना स्याल देखे । तिनीहरू आफूले समातेको ठूलो माछा आफ्नो अगाडि राखेर भाग लाउने कुरामा वादविवाद गरिरहेका थिए । दुवै जना आफूलाई ठूलो र राम्रो भाग खोज्दै थिए । माछाको खोजीमा त्यहाँ पुगेको स्यालले बिस्तारै भन्यो – "तपाईंहरू माछा भाग लाउँदै हुनुहुन्छ क्यारे ! किन ? के भयो ? दुवैलाई चित्त बुझ्ने गरी भाग लाउने काम त म गर्न सक्छु नि, म भाग लाइदिउँ कि, कसो ?"

एक अर्कामा विश्वास गर्न नसकेका तिनीहरू दुवैले तुरुन्तै भने – "हुन्छ, हुन्छ, हामी यही कुरा घण्टौंदेखि गरिरहेकाछौं र हामीले कुरा मिलाउन नै सकेनौं !



Pariyatti Book 1.pmd 46 3/28/2012, 9:48 AM



त्यसपछि त्यस स्यालले भने – "लौ, मैले भाग लाउँदा तपाईहरू कराउन पाउनुहुन्न नि, हेर्नुस् है !" यति भन्दै स्यालले माछालाई तीन भाग लायो र एउटालाई टाउको र अर्कोलाई पुच्छर दिएर बीचको ठूलो भाग आफूले गुटमुट्यायो र हेर्दाहेर्दै त्यहाँबाट अलप पनि भयो । दुवै जना अक्क न बक्कका भएर उभिइरहे ।





Pariyatti Book 1.pmd 47 3/28/2012, 9:48 AM

## पञ्चशीलको भित्तो भत्काउने गृहस्थ

कुनै सहरमा एक जना गृहस्थ थियो, ऊ पञ्चशीलको पालना गर्ने गर्थ्यो । सुरुमा ऊ पञ्चशीलबारे बरोबर यसो भन्ने गर्थ्यो, "पञ्चशील भनेको साह्रै महत्वपूर्ण कुरो हो, यसलाई कडाइका साथ पालना गर्नुपर्छ ।"

समय बित्दै गएपछि उसको विचारमा फेरबदलका लक्षणहरू देखापरे । त्यसो भनेको पञ्चशीलको पालना गर्नुभन्दा अघि उसमा रहेका बानीबेहोरले उनीमाथि फेरि प्रभाव पार्न खोजे । फलस्वरूप उसलाई पञ्चशीलअनुसार चल्न गाह्रो-गाह्रो हुन थाल्यो । त्यसैले उसले यसरी सोच्यो, "पञ्चशीलका पाँचै शीलको उत्तिकै पालना गर्नुपर्छ भन्ने के छ र यी शीलमध्ये पाँचौं अर्थात् लागू पदार्थको सेवन नगर्ने शील अरू हेरी त्यति महत्वपूर्ण देखिँदैन जस्तो छ ।" यो कुरा मनमा लिनेबित्तिकै उसको मनमा अलिकति रक्सी खाएर कसको के बिग्रिन्छ र भन्ने लाग्न थाल्यो । नभन्दै बजारमा गएर उसले अलिकति रक्सी किनेर ल्यायो र अलिअलि पिउने गर्न थाल्यो । लागू पदार्थको सेवनको सुरूवातले अलि अलि गर्दै धेरैतिर स्वतः लान्छ, अनि त त्यो गृहस्थ रक्सीको लतमा लट्ठिएर बस्न थाल्यो ।

एउटा शीलबाट च्यूत भएको उसले रक्सी खाएर मात्तिएको बेला छिमेकीको कुखुरा आफ्नो घरभित्र पसेको देख्यो । कुखुरा के देख्नु उसको मनमा कुखुरा समातेर त्यसलाई रक्सीलाई मिल्ने परिकार बनाउन पाए भन्ने कुरा खेलिहाल्यो र उत्निखेरै तिनलाई समातेर आफ्नो इच्छा पूरा पनि गरिछाड्यो । यसरी ऊ प्राणी हिंसा नगर्ने पहिलो शीलबाट समेत च्यूत हुन पुग्यो । त्यति मात्र कहाँ हो र एक छिनपछि हराएको कुखुरा खोज्दै कुखुराको मालिक उसकहाँ आइपुग्यो । उसले सोध्यो, "हेर्नोस्, मेरो कुखुरा हरायो । कतै त्यो तपाईंकहाँ आएको छ कि ?" उसले तुरुन्तै जबाफ दियो, "तिम्रो कुखुरा मकहाँ किन आउँछ ? मसँग सोध्न म तपाईंको को हुँ ? म तिम्रो कुखुरा हेर्ने पाले हुँ र ? मैले कुनै कुखुरा-सुखुरा देख्या छैन जानुस् ।" यस्तो झूटो जबाफ दिएर ऊ चौथो शीलबाट पनि च्यूत भयो । एकपछि अर्को गर्दै शीलबाट च्यूत भएको ऊ परस्त्रीसितको व्यभिचार गर्नेजस्ता कुकर्ममा समेत फँस्न पुग्यो । यसरी ऊ सबका सब शीलबाट च्यूत हुन पुग्यो । ऊ घरको भित्तोको एउटा ईंटा झिकेपछि अरू इंटा पनि बिस्तारै खस्दै गर्ल्यामगुर्लम भत्केको घरजस्तै भयो ।



Pariyatti Book 1.pmd 48 3/28/2012, 9:48 AM

# सरसफाई गर्ने आइमाई

सरसफाइको काम गर्ने आइमाई आफ्नो काम मेहनतसाथ गर्थिन् । फोहर टिप्ने, सोहर्ने र फाल्ने काम गर्नुपर्ने भएकाले उनको लुगामा फोहर लागेको हुन्थ्यो




र गनाउँथ्यो । फोहर भएको र गनाएकै कारणले मानिसहरू उनको नजिकमा पर्दैनथे र उनीसित कुराकानी समेत गर्दैनथे । भगवान् बुद्धले भने नजिकै बसेर उनीसित कुरा गर्नुभयो । यो देखेर मानिसहरू छक्क परे । उनीहरूले बुद्धसित सोधे, "तपाईं हामीलाई फोहरी नहुन र सफा रहन उपदेश दिनुहुन्छ तर तपाईं



Pariyatti Book 1.pmd 49 3/28/2012, 9:48 AM

आफैले त्यो फोहरी महिलासित नजिकै बसेर उनीसित कुरा गर्नुभयो । त्यसो किन गर्नुभएको ?"

भगवान् बुद्धले ती मानिसहरूलाई सम्झाउनुभयो– "हो, मैले फोहरी नहुन र सफा हुन सल्लाह दिने गर्छु । अर्को कुरा त्यो आइमाईको लुगामा फोहर लागेको छ त्यसैले उनको लुगा गनाउँछ, तर उनको मन धेरै सफा छ । उनको स्वभाव




नरम छ र उनी आफ्नो काम दिलोज्यानले गर्छिन् । त्यसैले उनको मनमा अलिकति पनि धूलो छैन, अत्यन्त सफा छ । सफा लुगा लगाउँदैमा फोहरी नहुने होइन । वास्तवमा जसको मन राम्रा कुराले भरिएको छ र सफा छ त्यो नै सबभन्दा सफा मानिस हुन् ।"



Pariyatti Book 1.pmd 50 3/28/2012, 9:48 AM

# अभ्यास १

## १. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् ।

१. वाणले घाइते भइसकेपछि पनि मृग जोडतोडले भागेर किन गएका थिए ?

२. राजाले के नराम्रो काम गरेका थिए र त्यसको प्रायश्चित उनले कसरी गरे ?

३. गरिब परिवारको मूली मान्छेले किन चोरी गर्न जान्थ्यो ? उसले के चोर्दथ्यो ?

४. भगवान बुद्धले राहुललाई फोहोर पानीको तुलना गरी के सम्झाउनुभएको थियो ?

५. कुशल विद्यार्थी मृगको कथाबाट तपाईले आफ्नो विद्यार्थी जीवनमा उपयोग हुने के कुरा सिक्नुभयो ?

६. सहयोग गर्ने र मिलेर काम गरेमा जुनसुकै समस्या पनि हल गर्न सकिन्छ । आपत् परेको बेला अन्धो र अपागंले एक अर्कालाई कसरी मद्दत गरे ?

७. जस्तो संगत उस्तै फल । यस कथनलाई आफूले पढेको कथाको आधारमा स्पष्ट गर्नुहोस् ।

८. एक आपसमा मिल्ने बानी भएन भने अरूले नै फाइदा उठाउँछ भन्ने कुरालाई आफूले पढेको कुनै एउटा कथाको आधारमा लेख्नुहोस् ।

९. सरसफाइ शरीर बाहिर र भित्र दुवै ठाउँमा गर्नुपर्छ । यी दुई मध्ये कुन बढी महत्वपूर्ण छ ? किन ?

## २. मिल्ने उत्तरमा गोलो चिन्ह लगाउनुहोस् ।

१. मृगदावनको अर्थ .............................................. होइन ।

मृगहरू खेल्ने ठाउँ

मृगहरूलाई भय नभएको ठाउँ

मृगहरू सिकार गर्ने ठाउँ

२. गाजर चोर्न गएका गरिब मान्छे र उनका छोरालाई कसले हेर्दै थियो ?

सूर्य चन्द्रमा खेतका मालिक



Pariyatti Book 1.pmd 51 3/28/2012, 9:48 AM

३. माछा सुकाएर राखेका डोरी छोएर हेर्दा शिष्यलाई कस्तो बासना आयो ?

मसलाको बास आयो

दुर्गन्ध आयो

माछा पकाएको बास आयो

४. माछा भाग लगाउने कुरामा विवाद हुँदा बाठो स्यालले आफूलाई कुन भाग लग्यो ?

टाउको पुच्छर बीचको भाग

५. पञ्चशील विगार्ने ब्यक्तिले पहिलो कुन शीलबाट च्यूत भयो ?

हिंसा गरेर

ब्यभिचार गरेर

मादक पदार्थ सेवन गरेर

६. सरसफाइ गर्ने आइमाइलाई अरूले मनपराउँदैनथे किनभने -

उनी निकै मिहेनत गर्थे

उनको लुगामा फोहोर लागेको थियो

उनी सफाइ गर्ने काम गर्थे



Pariyatti Book 1.pmd 52 3/28/2012, 9:48 AM

# ध्यानको परिचय



## ध्यान भनेको के हो ?

भगवान् बुद्धको उपदेशानुसार ध्यानमा बस्नु भनेको आफ्नो मनलाई शुद्ध तथा परिशुद्ध पार्ने काम हो । ध्यानमा बस्नाले मन नियन्त्रित हुन्छ र यसले मनलाई एकाग्र बनाउँछ । मनमा आउने लोभ, रिस, घृणा, ईर्ष्याजस्ता थरी-थरीका विकारहरूलाई पन्छाएर शुद्ध पार्ने विधि नै ध्यान हो ।



Pariyatti Book 1.pmd 53 3/28/2012, 9:48 AM

## ध्यान कसरी बस्ने ?

ध्यान बस्ने ठाउँ शान्तमय हुनुपर्छ । ध्यानमा बस्दा आफूलाई जसरी सजिलो हुन्छ त्यसरी पलेटी कसेर बस्नुपर्छ । ढाड अर्थात् मेरूदण्ड सोभ्को सीधा पारेर आँखा बन्द गरेर बस्नुपर्छ । त्यसपछि स्वास भित्र आएको र बाहिर गएको अर्थात् स्वास-क्रियामा ध्यान दिनुपर्छ । छिन छिनमा ध्यानमा बसेका मानिसको मन अन्यत्र लाग्न सक्छ त्यसो भयो भने फेरि फेरि स्वास प्रश्वास क्रियामै ध्यान केन्द्रित गर्नुपर्छ । यसरी पटक पटक प्रयास गरेपछि स्वास प्रश्वास क्रियामा एकाग्र हुन थाल्छ । ध्यान गर्ने यस क्रियाले ध्यानमा बस्ने मानिसको मन निर्मल, पवित्र र शुद्ध हुनेछ ।

## किन ध्यान बस्नुपर्छ ?

मानिसको मन नै प्रमुख हो । मानिसले राम्रो वा नराम्रो जुनसुकै काम गरे पनि सबभन्दा पहिले त्यो काम मनबाट नै शुरू हुन्छ । त्यसैले मनलाई शुद्ध तथा परिशुद्ध राख्नु अत्यन्त जरूरी छ । यो काम ध्यानमा बस्नाले सम्भव हुन्छ । ध्यानमा बस्नाले स्मरण शक्ति पनि दृढ हुँदै आउँछ । ध्यानले हामी विद्यार्थीहरूलाई आफ्नो पढाइमा र विविधकार्यमा एकाग्र हुन मद्दत गर्छ । ध्यान बस्नाले हाम्रा सबै काम व्यवस्थित, प्रभावकारी हुन थाल्छन् र हामी सफल हुन्छौं ।


## अभ्यास १

१. परियत्ति कक्षा शुरू भइसकेपछि सबै जनालाई सामूहिक रूपमा कम्तिमा ५ मिनेट ध्यान बस्न लगाउनुहोस् । विद्यार्थीहरूलाई दैनिक रूपमा ध्यान बस्न प्रोत्साहित गर्नुहोस् ।



Pariyatti Book 1.pmd 54 3/28/2012, 9:48 AM

# वन्दना



माता पितालाई वन्दना

माता पितालाई हामी सधैं वन्दना गर्छौं ।
माता पितालाई हामी सधैं वन्दना गर्छौं ।

माता पिताका कुरा हामी सधैं मान्छौं ।
माता पिताका कुरा हामी सधैं मान्छौं ।

माता पिताको हामी सधैं सेवा गर्छौं ।
माता पिताको हामी सधैं सेवा गर्छौं ।



Pariyatti Book 1.pmd 55 3/28/2012, 9:48 AM

# नेपाल बौद्ध परियत्ति शिक्षाको संक्षिप्त इतिहास

हाम्रो देशमा बुद्ध-धर्म सम्बन्धी अध्ययन र अध्यापन गर्ने कार्य अत्यन्त आवश्यक भएकोले यसलाई सुहाउँदो समय र परिस्थितिलाई हेरेर त्रिशूली सुगत बौद्ध मण्डलका सचिव धर्मरत्न शाक्यको सुझाव अनुसार श्रद्धेय भिक्षु बुद्धघोष महास्थविर त्रिशुली सुगतपुर विहारमा पाल्नुभएको बेलामा वि.सं. २०१९ मा बुद्ध-धर्मको अध्ययन र अध्यापन कार्यको शुभारम्भ गर्नुभयो । जुन परीषा क्रममा १ कक्षादेखि ५ कक्षासम्म परीक्षार्थीहरु उत्तीर्ण पनि भयो । त्यसपछि भिक्षु बुद्धघोष महास्थविर र धर्मरत्न शाक्य 'त्रिशुली' ले "अखिल नेपाल भिक्षु महासंघ" मा प्रस्ताव पेश गरे अनुसार ५ बैशाख २०२० मा नवौं बैठकले परिवर्तित र परिवर्द्धित गरी त्यस शिक्षाकार्य अधिराज्यभरी संचालन गर्ने गरी स्वीकार गरी यस शिक्षाको अध्ययन-अध्यापनको क्रमलाई "नेपाल बौद्ध परियत्ति शिक्षा" नामाकरण गर्ने निर्णय भयो । त्यसै बैठकको निर्णय अनुसार यस शुभकार्यको शुभारम्भ "अखिल नेपाल भिक्षु महासंघ" का अध्यक्ष पूज्य प्रज्ञानन्द महास्थविरको ६४ औं जन्मदिनमा उद्घाटन भयो ।

"अखिल नेपाल भिक्षु महासंघ" को निर्णय अनुसार बु.सं. २५०७ को बुद्ध-जयन्तीको शुभदिनमा परीक्षा केन्द्र निर्णय भएको ठाउँमा नेपाल अधिराज्य भरी ठिक ८:४५ बजे बिहान "नेपाल बौद्ध परियत्ति शिक्षा" को अध्ययन र अध्यापन कार्य प्रारम्भ भयो । यस सन्देश रेडियो नेपालबाट पनि त्यसै समयमा प्रसारण गरिदियो ।

ने.सं. १००८, दिल्लागा ११ (बि.सं. २०२०, आषाढ १८ गते) को दिनमा अ.ने.भि.महासंघको बैठकको निर्णय अनुसार बौद्ध परियत्ति शिक्षाको पहिलो परीक्षामा कक्षा १ देखि कक्षा ५ सम्मको व्यवस्था गर्ने सम्पूर्ण कार्यभार श्रामणेर सुदर्शनलाई सुम्पियो । त्यस्तै महासंघको मैत्रीले विभिन्न परीक्षा केन्द्रमा परीक्षा नियन्त्रकहरु नियुक्त गरियो । पहिलो परीक्षा बि.सं. २०२० आश्विन २८ गते (अक्टोबर १४, १९६३) देखि भयो । पहिलोदेखि छैठौं परीक्षामा आशातीत सफलता र बुद्ध-धर्मको अध्ययन-अध्यापनको उत्साहबर्द्धक वातावरणको फलस्वरुप अ.ने.भि. महासंघबाट २३ फागुन २०२० को बैठकमा सातौं परीक्षालाई उपाधि परीक्षा गर्ने निर्णय भयो । शुरुमा सद्धम्म पालकसम्म अध्यापन गरिने ने.बौ.प.शिक्षामा सो तह उत्तीर्ण गरेका विद्यार्थी भएपछि अझ उच्च शिक्षा दिन सद्धम्मपालक उत्तीर्ण धर्मरत्न शाक्य र अ.सुशीला प्रमुख सबै बिद्यार्थीहरुको आग्रह बमोजिम परियत्ति सद्धम्म कोविदसम्मको पाठ्यक्रम तयार गरी उच्चशिक्षा प्रारम्भ गरियो । त्यसपछि यस शिक्षालाई परिस्थिति र वातावरण सुहाउँदो ढंगले समय समयमा विभिन्न प्रकारले परिवर्तन र परिवर्द्धन गर्ने क्रममा विभिन्न नीति नियमहरु निर्धारण गर्ने र समिति उपसमिति गठन गर्नेदेखि लिएर शिक्षण व्यवस्थापन सुदृढिकरण गर्दै व्यवस्थित रुपले कामकुरा अगाडि बढ्दै गयो । शुरुमा प्रारम्भिक प्रथमवर्ष देखि प्रवेश द्वितीयवर्षसम्म मात्र व्यवस्था भइराखेको यस शिक्षा आज आएर अन्तिम उपाधि परीक्षाको रुपमा "परियत्ति सद्धम्म कोविद उपाधि परीक्षा" सम्म संचालन हुँदै आइराखेको छ ।

## सन्दर्भ सामग्री


**परियत्ति शिक्षा भाग - १** (**बु.सं. २५३४ देखि स्वीकृत पाठ्यपुस्तक, ने.बौ.प.शि.**)

Buddhism Key Stage 1 (Published by Buddhist Education Foundation, UK)

Buddhism for young students (WAT Dhammaram Sunday School, USA)

**बुद्ध जीवनी चित्रावली** (**विपस्सना विशोधन विन्यास, इगतपुरी, भारत**)

Mahamangal Sutta, The Highest Blessing (Singapore Buddhist Meditation Centre)

Parents & Children, Key to Happiness (Singapore Buddhist Meditation Centre)




Pariyatti Book 1.pmd 56 3/28/2012, 9:48 AM